# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, असार ३१ गते २०४२ साल (संख्या १४

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन,२०१९ को दफा ९ को उपदफा (२) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी २०४२ साल श्रावण १ गतेदेखि लागू हुने गरी खण्ड ३४ मिति २०४१।५।५ अतिरिक्ताङ्क २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा देहायबमोजिम संशोधन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. दफा ३ को उपदफा (१४) को सट्टामा देहायबमोजिमको उपदफा (१४) राखिएको छ । "नेपालमा स्थापना भएका उद्योगहरूले उत्पादन गरेका नाम ब्राण्ड र मोडेल बाहेकका मिडियम वेभ रेडियो ट्रान्जिस्टरहरू,

२. दफा ४ को चौथो हरफमा रहेको "तर कुनै यात्रुले यो सुविधा वर्षको ३ पटक भन्दा बढी पाउने छैन" भन्ने वाक्यांश झिकिएको छ ।

३. दफा ४ पछि दफा ४ (क) थप गरिएको छः–

दफा ४ (क): दफा ३ र ४ अनुसारको सुविधा उपभोग गर्नको लागि प्रत्येक पटक विदेश गएकोमा कम्तिमा ७ रात बिताएको हुनु पर्नेछ र उक्त सुविधा वर्षको २ पटक भन्दा बढी पाउने छैन ।

४. दफा ६ को उपदफा (३) मा रहेको "३ महिनाभन्दा कम समय" भन्ने शब्दहरूको सट्टा "एक महिनाभन्दा बढी समय" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दफा १० को चौथो हरफमा रहेको "लाग्ने छैन" भन्ने शब्दपछि देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः–

तर तेस्रो पटकदेखि दफा ३ बमोजिमको सामान ल्याएमा नियमानुसार लाग्ने भन्सार महसूल तथा बिक्रीकर छुट हुने छैन ।

६. दफा १० पछि देहायबमोजिमको दफा १० (क) थपिएको छः–

१० (क) श्री ५ को सरकारले तोकेको काममा गएका व्यक्तिहरूलाई एक वर्षमा तेस्रो पटकदेखि हरेक पटक बाहिर गए बापत दफा ३ बमोजिमको सामान ल्याएमा भन्सार महसूल रू. ८५०।– र बिक्रीकर रू. १५०।– छुट दिइने छ ।

७. दफा ११ (३) को दोस्रो हरफमा रहेको "नेपालमा प्राप्त सटही सुविधा र" भन्ने शब्दहरू झिकिएका छन् ।

आज्ञाले,<br>
कर्णध्वज अधिकारी<br>
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको सूचना

बाँके जिल्लास्थित गिजरा खाडसारी मिल्स प्रा.लि.ले १८० बिगाहा जग्गा खरीद गरेको कसैको मोहियानी हक नभएको उद्योगको आफ्नै भोग चलनमा रहेको देहायबमोजिमको जग्गामा उद्योगको काममा रहेसम्मको लागि निम्न शर्त पालना गर्ने गरी भूमिसम्बन्धी ऐन (संशोधन सहित), २०२१ को दफा १२ (ङ) बमोजिम हदबन्दीमा छुट दिने गरी मिति ०४२।३।८ मा श्री ५ को सरकारबाट निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

हदबन्दी छुट दिएको जग्गाः– बाँके जिल्ला उढरापुर गा.पं. वार्ड नं. २ क. कि.नं. ४२ को ७–२–९, ऐ.ऐ. को कि. नं. ५४ को १–११–०, ऐ.ऐ. को कि.नं. ५६ को ४–१–१९, ऐ.ऐ. को कि.नं. ४३ को ०–५–७, ऐ.ऐ. पञ्चायत वडा नं. २ ख को कि.नं. ६६ को ११–१६–१७, ऐ.ऐ. को कि. नं. ६९ को ६–७–२, ऐ.ऐ. को कि. नं. ६५ को ०–१९–७$\frac{1}{2}$, ऐ.ऐ. को कि.नं. १ को २०–९–१३, ऐ.ऐ. को कि.नं. ७८ को २७–८–१३$\frac{1}{2}$, ऐ.ऐ. को कि.नं. १८ को ०–६–१६, ऐ.ऐ. को कि.नं. २१ को ०–२–५$\frac{1}{2}$, ऐ.ऐ. को कि.नं. २२ को ०–२–७, ऐ.ऐ. को कि.नं. २३ को ०–१–७, ऐ. पञ्चायतको वडा नं. २ ग को कि.नं. २ को ३७–१९–१२$\frac{1}{2}$, ऐ.ऐ. को कि.नं. १२ को ६–८–०, ऐ.ऐ. को कि.नं. ७ को ५४–१७–४ समेत जम्मा बिगाहा १८०–०–० (एक सय असी बिगाहा) जग्गा मात्र ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### उद्योगले पालना गर्नु पर्ने शर्तहरू:–

(१) हदबन्दीमा छुट पाएको ज. वि. १८०–०–० मा २०४३ साल आषाढ मसान्त सम्ममा उखु खेती लगाई सक्नु पर्ने ।

(२) उद्योगको नाउँमा रहेको जग्गा श्री ५ को सरकारको पूर्व स्वीकृति बेगर कुनै पनि बेहोराबाट कसैलाई पनि हक छोडी दिन पाउने छैन ।

(३) उद्योगले गरेको कार्यको प्रगति ६।६ महिनामा भूमिसुधार कार्यालय बाँकेमा पठाउनु पर्नेछ ।

(४) उद्योगको कार्य प्रगतिको निरीक्षण कृषि विभागका प्रतिनिधि र भूमिसुधार कार्यालय बाँकेमा भूमिसुधार अधिकारीबाट संयुक्तरूपबाट वर्षको दुई पटक गरिनेछ ।

(५) उद्योगले छुट पाएको जग्गामा उद्योगसंग सम्बन्धित काममा प्रयोग नगरी अरू काम गरेको, निरीक्षण गर्दा वा अरू कुनै सूत्रबाट थाहा पाइएमा त्यस्तो जग्गा श्री ५ को सरकारको आदेशले जफत भै भूमिसम्बन्धी ऐन, २०२१ को दफा २१ क बमोजिम बिक्री वितरण गरिनेछ ।

आज्ञाले,
नारायणविक्रम शाह
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## कृषि मन्त्रालयको
## सूचना १

नेपाल कृषि सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उप-नियम ६ बमोजिमको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त नियमको अनुसूची २ को क्रमसंख्या १२ को सट्टा देहायबमोजिमको १२ कायम गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | समूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| १२ | फूड प्रोसेसिंग एनालिसिस एण्ड न्यूट्रिशन समूह | फूड टेक्नोलजीमा स्नातकोपाधि<br>वा<br>विज्ञानमा स्नातक भै फूड टेक्नोलजी वा फूड माइक्रो बायोलजी वा फूड केमेष्ट्रीमा स्नातकोत्तर उपाधि<br>वा<br>फूड वा न्यूट्रिशनमा मेजर गरी होम साइन्समा स्नातकोत्तर उपाधि<br>वा<br>फूड इञ्जिनीयरिङ्गमा स्नातकोत्तर उपाधि वा सो सरह । | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।